# राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, हरिहर भवन, ललितपुर

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित त्रैमासिक कार्यसम्पादन विवरण

*(२०७५ माघ देखि २०७५ चैत मसान्तसम्म केन्द्रीय कार्यालयले सम्पादन गरेका प्रमुख क्रियाकलापहरू)*


प्रकाशन गर्ने

डा. टीकाराम पोखरेल

सूचना अधिकारी

**१. आयोगको स्वरुप र प्रकृति :**
मानव अधिकार आयोग ऐन, २०५७ बमोजिम २०५७ जेठ १३ मा स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ बाट संवैधानिक हैसियत प्राप्त गरेको हो । नेपालको वर्तमान संविधानले समेत आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको छ । संविधानको भाग २५ को धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी व्यवस्था रहेको छ ।

संविधानको धारा २४८ अनुसार आयोगमा अध्यक्ष १ र अन्य ४ जना सदस्य गरी पाँच जना रहने व्यवस्था छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिशमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ । राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुन्छ ।

राष्ट्रिय मानव अधिकार आयोग एक स्वक्रियाशील (Pro-active) पीडितमुखी संस्था हो । आयोगका सम्पूर्ण क्रियाकलापहरू मानव अधिकारको संरक्षण र सम्बर्द्धनसँग सम्बन्धित हुन्छन् । त्यसैले आयोगका जुनसुकै महाशाखा/शाखा/एकाईले गर्ने क्रियाकलापले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गरिरहेको हुन्छ । मानव अधिकारको संरक्षण र सम्बर्द्धनको लागि आयोगले सरकार, राज्यका अन्य अंगहरू तथा नागरिक समाजसँग सहकार्य गर्दछ ।

**(क) आयोगको दूरदृष्टि :**
सबैका लागि घर-घरमा मानव अधिकारको मूल मर्मलाई आत्मसात गर्दै यही नै शान्ति र विकासको आधार हो भन्ने मान्यताका साथ मानव अधिकार संस्कृतिको विकास गर्ने ।

**(ख) आयोगको ध्येय :**
विश्वव्यापी रूपमा आत्मसात् गरिएका मानव अधिकारका सिद्धान्त, मल्य मान्यतालाई अवलम्बन गर्दै स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा नेतृत्वदायी राष्ट्रिय मानव अधिकार संस्थाको रूपमा आयोग रहने ।

**(ग) आयोगको लक्ष्य :**
मानव अधिकारमैत्री वातावरण निर्माणमार्फत सबैले आफूलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

**(घ) आयोगको मूल्य मान्यता :**
पहुँच, समानता र न्याय, जवाफदेहिता, निष्पक्षता, स्वतन्त्रता र स्वायत्तता, पारदर्शिता, सहभागिता र समावेशीकरण, विविधताको सम्मान ।

**(ङ) आयोगको रणनीतिक उद्देश्य :**
१.मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनगुमन गर्ने,
२.मानव अधिकार प्रबर्द्धनको सुदृढीकरण गर्ने,
३.विपन्न, सीमान्तकृत एवं पछाडि पारिएका वर्गको अधिकार सुनिश्चित गर्ने,
४.आयोगको पहुँच विस्तार, प्रभावकारिता सुदृढीकरण एवं संस्थागत विकास गर्ने ।

**(च) आयोगको पाचौँ रणनीतिक योजना (२०१५-२०) का प्राथमिकताहरू**

१. नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार,

२. मानव अधिकारसम्बन्धी कानून एवम् अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको कार्यान्वयन,

३. आयोगका सिफारिशको प्रभावकारी कार्यान्वयन,

४. मानव अधिकार सस्कृतिको विकास गर्न घरघरमा मानव अधिकारसम्बन्धी चेतना, शिक्षा,

५. विपन्न, सीमान्तकृत एवम् पछाडि पारिएका समदुायको अधिकारको सरंक्षणमा प्राथमिकीकरण,

६. अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार रक्षकको अधिकार, बालबालिका, महिला, ज्येष्ठ नागरिक, दलित, असहाय, अपाङ्गता भएका व्यक्तिको अधिकारको रक्षा,

७. आयोगको पहुँच विस्तार, संस्थागत सदृढीकरण र मानव संशाधन व्यवस्थापन,

८. आन्तरिक एवम् वाह्य समन्वय, सम्पर्क र सहकार्यको सदृढीकरण,

९. आयोगको अनुगमन, अनुसन्धान तथा कार्यसम्पादन प्रणालीको सबलीकरण ।

**२. आयोगको काम, कर्तव्य र अधिकार :**

मानव अधिकारको संरक्षण र सम्बर्द्धन आयोगको प्रमुख कार्य हो । नेपालको वर्तमान संविधानको धारा २४९ मा आयोगको काम, कतव्य र अधिकार उल्लेख गरिएको छ । यस्तै मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा समेत आयोगका काम, कर्तव्य र अधिकारको उल्लेख गरी आयोगको काम, कर्तव्य र अधिकारलाई थप स्पष्टता गरिएको छ । नेपालको संविधानको धारा २४९ मा उल्लेख भएअनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

(१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न लागि राष्ट्रिय मानव अधिकार आयोगले देहाय बमोजिमका काम गर्नेछ :-

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिश गर्ने,

(ख) मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिश गर्ने,

(ग) मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिश गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिश गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा

त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिश गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने,

(ज) मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिश वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख राख्ने ।

(३) मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

(४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ ।

(६) संविधानको धारा २४९ बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने भन्ने व्यवस्था भए बमोजिम आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्दछ ।

**३. आयोगमा रहने कर्मचारी संख्या, दरबन्दी विवरण र कार्य विवरण :**

हाल आयोगको १ केन्द्रीय कार्यालय, ५ वटा क्षेत्रीय कार्यालय, ४ वटा उपक्षेत्रीय कार्यालय र ३ वटा प्रस्तवित कार्यालयमा गरी जम्मा ३०९ जनाको दरबन्दी रहको छ । दरबन्दी विवरण तथा पदपूर्तिको अवस्था निम्न बमोजिम छ :

| क्र.सं. | तह | पद | जम्मा दरवन्दी | पदपूर्ति संख्या |
|---|---|---|---|---|
| १ | विशिष्ट श्रेणी | सचिव | १ | १ |
| २ | प्रथम श्रेणी | निर्देशक | ९ | ६ |
| ३ | दोस्रो श्रेणी | उपनिर्देशक | २० | १६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | तेस्रो श्रेणी | अधिकृत | १०७ | ७७ |
| ५ | सहायक प्रथम | सहायक प्रथम | ५८ | ३२ |
| ६ | श्रेणी विहिन | सहायक कर्मचारी | ११४ | ७६ |
| जम्मा | | | ३०९ | २०८ |
| | | | | |

**आयोगको सांगठनिक संरचना :**

राष्ट्रिय मानव अधिकार आयोगको सांगठनिक संरचना अनुसार आयोगको सबैभन्दा माथिल्लो निकाय ५ जना पदाधिकारी रहेको आयोग हो । जसमा १ अध्यक्ष र ४ सदस्य सहित ५ जना पदाधिकारीहरू रहन्छन् । आयोगमा १ जना सचिव रहने व्यवस्था छ । सचिव मातहतमा ४ वटा विभागहरू ५ वटा क्षेत्रीय कार्यालय र ६ वटा उपक्षेत्रीय कार्यालय (३ वटा प्रस्तावित समेत गरेर) छन् भने विभाग अन्तर्गत ९ वटा महाशाखा छन् । यसै गरी २२ वटा युनिट तथा डेस्कहरू रहेका
छन् । आयोगका कार्यालहरू रहेको स्थान तथा सांगठनिक संरचनाको चित्र विवरण अनुसूचिमा रहेको छ ।

**आयोगका विभागहरू :**

१. कानून, अनुसन्धान र अनुगमन विभाग : यस अन्तर्गत कानून महाशाखा, अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा र अनुसन्धान महाशाखा गरी ३ वटा महाशाखाहरू छन्

२. समन्वय विभाग : यस विभाग अन्तर्गत अन्तर्राष्ट्रिय सम्बन्ध डेस्क, सूचना तथा तथा प्रकाशन डेस्क, क्षेत्रीय समन्वय डेस्क, सूचना प्रविधि एकाइ, प्रतिवेदन लेखन एकाइ, अभिलेख तथा मानव अधिकार स्रोत केन्द्र रहेका छन् ।

३. प्रबर्द्धन, वकालत र सामूहिक अधिकार विभाग : यस विभाग अन्तर्गत प्रबर्द्धन तथा वकालत महाशाखा, लैगिक तथा सामाजिक समावेशीकरण महाशाखा, सामूहिक अधिकार महाशाखा, वकालत र अभियान युनिट, मानव अधिकार शिक्षा तथा तालिम युनिट रहेका छन् ।

४. प्रशासन, अर्थ, नीति तथा योजना विभागअन्तर्गत : नीति अनुसन्धान तथा योजना महाशाखा, प्रशाशन महाशाखा, आर्थिक व्यवस्थापन महाशाखा रहेका छन् ।

**(अ) विभागले गर्ने कामहरू :**

(क) कानून, अनुसन्धान र अनुगमन विभाग

आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरू गर्दछ :

- क्षेत्रीय तथा उप–क्षेत्रीय कार्यलयबाट प्राप्त सुचनाको अनुगमन तथा विश्लेषण गर्ने,
- आयोगमा परेका उजुरी मामिलाको अनुसन्धान तथा छानविन,
- आयोगको सम–सामहिक विषयमा छलफल तथा मस्यौदा सिफारिश,
- क्षेत्रीय तथा उप–क्षेत्रीय कार्यलयबाट प्राप्त सूचनाको आधारमा नेपालको मानव अधिकारको अवस्थाको मासिक सारांश अभिलेख तयार गर्ने,

**(ख) समन्वय विभाग**

आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरू गर्दछ :

- आन्तरिक तथा बाह्य समन्वय कायम गर्ने ।
- क्षेत्रीय तथा उप–क्षेत्रीय कार्यलयका निर्णयहरू आयोगको केन्द्रीय कार्यलयमा सम्प्रेषण गराउने ।
- विभिन्न सरकारी मन्त्रालय र विभाग तथा अदालत र आयोग बिच सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- दातृ निकायसँग समन्वय गर्ने ।
- आवश्यक सूचनात्मक पुस्तिका तथा अभिलेख प्रकाशन गर्ने ।

**(ग) प्रवर्द्धन, वकालत तथा सामूहिक अधिकार विभाग**

आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरू गर्दछ :

- आयोगमा परेका उजुरी र आवेदन बाहेकका अन्य विषयगत निर्णय र तत् सम्बन्धी काम कारवाही अगाडि बढाउने,
- यो विभाग कानून, अनुसन्धान र अनुगमन विभागको पूरक विभागको रुपमा रहेको
- आयोगले अनुगमन तथा उजुरी मार्फत प्राप्त सूचना उपर काम कारवाहीको लागि सल्लाह लिने र निर्देश गर्ने,

**(घ) प्रशासन, वित्त, निति तथा योजना विभाग**

आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरू गर्दछ :

- प्रशासकीय तथा व्यवस्थापकीय कार्य गर्ने ।
- कर्मचारीहरूको वृत्ति विकास सम्बन्धि योजनाको निर्माण ।
- कर्मचारीहरूको व्यक्तिगत अभिलेख कायम ।
- आर्थिक व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।
- नीति तथा योजना निर्माण र कार्यन्वयनको अवस्था अनुगमन ।

**(आ) महाशाखाले सम्पादन गर्ने कार्यहरू**

**(क) कानून महाशाखाले गर्ने कार्यहरू**

- कानून पुनरावलोकन ।
- मानवअधिकार सम्बन्धी महत्वपूर्ण निर्णय प्रकाशन
- आयोगलाई विपक्षी बनाइ दर्ता भएका मुद्धामा बहस पैरवी
- आवश्यक कानूनी मस्यौदा तयार
- कानूनी परामर्श
- आयोगले तोकेका कानून सम्बन्धी अन्य कार्यहरू

**(ख) अन्तर्राष्ट्रिय महासन्धि अनुगमन महाशाखाका कार्यहरू**

- अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन अनुगमन
- मानव अधिकार राष्ट्रिय कार्ययोजना अनुगमन
- विश्वव्यापी आवधिक समीक्षा अनुगमन
- महासन्धि अनुमोदनको लागि सिफारिश
- राज्यले तयार गरेको State Report मा सुझाव
- मानव अधिकारको समग्र अवस्थाको अनुगमन

**(ग) अनुसन्धान महाशाखाले गर्ने कार्यहरू**

- मानव अधिकार उल्लंघन सम्बन्धी उजुरी ग्रहण
- मानव अधिकार उल्लंघनका घटनामा अनुसन्धान, अनुगमन
- अनुसन्धान सम्पन्न भैसकेको उजुरी निर्णयार्थ आयोगमा पेश (क्षेत्रीय कार्यालयबाट आएका समेत)
- फैसला लेखन
- आयोगबाट मानव अधिकार उल्लंघन सम्बन्धमा भएका निर्णयको पत्राचार, ताकेता
- उजुरी, कारवाहीसम्बन्धी अन्य कार्यहरू

**(घ) प्रवर्द्धन तथा वकालत महाशाखाले गर्ने कार्यहरू**

- मानवअधिकार शिक्षा (तालिम गोष्ठी, प्रशिक्षण, मानव अधिकार पाठ्यक्रम निर्माणका लागि पहल)
- मानव अधिकार चेतनामूलक कार्यक्रम
- मानव अधिकार वकालत
- मानव अधिकार सामग्री निर्माण तथा वितरण
- मानव अधिकार संस्थाहरूसँग समन्वय सहकार्य

**(ङ) लैगिक तथा सामाजिक समावेशीकरण महाशाखाले गर्ने कार्यहरू**

- लैंगिक तथा समाजिक विभेद हटाउन पहल गर्ने
- महिलाको मानव अधिकारको अवस्थाबारे बहस पैरवी
- राज्यका हरेक तहमा महिला तथा अन्य सीमान्तीकृतको सहभागितामा वृद्धि गर्न पहल
- महिला विरुद्ध हुने हिंसा तथा सीमान्तीकृतका मानव अधिकार हनका विरुद्ध कार्य
- महिला तथा सीमान्तीकृतका अधिकारको वकालत
- महिला र पछाडि पारिएका समुदायको न्यायमा पहुँच वृद्धि
- महिला तथा समाजिक रुपमा पछाडि पारिएका क्षेत्रमा काम गर्ने संस्थासँग सहकार्य समन्वय

**(च) सामूहिक अधिकार महाशाखाका कार्यहरू**

- सामूहिक अधिकार (आदिवासी जनजाति, अल्पसंख्यक, जेष्ठ नागरिक, मानसिक स्वास्थ्य, लैंगिक तथा यौनिक अल्पसंख्यक, HIV प्रभावित आदि) को प्रबर्द्धनका लागि गोष्ठी अन्तरक्रिया, छलफल, कार्यशाला, प्रशिक्षण
- सामूहिक अधिकारको अनुगमन गर्ने (अनुगमन महाशाखाको समन्वयमा)
- सामूहिक अधिकारको संरक्षण र सम्बर्द्धनका लागि नीतिगत सिफारिश गर्न आवश्यक कार्यहरू गर्ने
- सामूहिक अधिकारको सुनिश्चितताको लागि कानून पुनरावलोकनको कार्य गर्ने

(कानून महाशाखाको समन्वयमा)

**(छ) नीति अनुसन्धान तथा योजना महाशाखाका कार्यहरू**

- रणनीतिक योजना निर्माण
- वार्षिक कार्यक्रम र योजना तयार
- कार्ययोजना कार्यान्वयन अनुगमन र मूल्यांकन
- चौमासिक प्रगति प्रतिवेदन तयार
- प्रगति समीक्षा कार्यक्रम गर्ने
- कार्यक्रम र योजना सम्बन्धमा योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय
- आयोगको नितिगत व्यवस्था, समन्वय र सहजिकरण र आयोगको नीति तर्जुमा

**(ज) प्रशासन महाशाखाले गर्ने कार्यहरू**

- जनशक्ति व्यवस्थापन (कर्मचारी सरुवा, बढुवा, अवकाश, मनोनयनहरू, पदपूर्ति र स्वीकृति सम्बन्धि कार्य)
- कार्यालय व्यवस्थापन र सरसफाइ
- सार्वजनिक खरिद
- मर्मत संभार तथा रेखदेख (आयोग अन्तर्गत सम्पूर्ण निकायहरूको भौतिक साधनहरूको अनुगमन, निरिक्षण)
- सवारी व्यवस्थापन
- दर्ता, चलानी, चिठीपत्र
- कार्यालय व्यवस्थापन र सञ्चालनका दैनिक भैपरी आउने अन्य कामहरू

**(झ) आर्थिक व्यवस्थापन महाशाखाले गर्ने कार्यहरू**

- वार्षिक चालू बजेट निर्माण
- बजेट बाँडफाँड तथा अख्तियारी प्रदान
- आर्थिक कारोवारको लेखा राख्ने तथा आर्थिक प्रतिवेदन तयार

- लेखापरीक्षण (आन्तरिक तथा अन्तिम) र बेरुजु फछ्र्यौट
- दातृ संस्थाबाट आएका बजेटको छुट्टै हिसाब तथा आर्थिक प्रतिवेदन तयार
- आर्थिक अनुशासन कायम गर्ने,
- वित्तिय स्रोत तथा आयोगका निर्णय र कार्यहरूबाट पर्न जाने वित्तिय असरको अभिलेखन

**(ञ) अन्तर्राष्ट्रिय सम्बन्ध डेस्कका कार्यहरू**

- अन्तर्राट्रिय सम्बन्ध सम्बन्धी सम्पूर्ण काम
- APF, UN Agencies र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संघसंस्थासँग समन्वय
- कुटनैतिक नियोगसँगको समन्वय

**(ट) सूचना, तथा सञ्चार एकाइका कार्यहरू**

- आयोगका आवश्यक सूचनालाई सञ्चार माध्यम समक्ष पुऱ्याउने
- प्रेस विज्ञप्ति तयार गर्ने
- प्रेस नोट तयार गर्ने
- पत्रकार सम्मेलनको लागि तयारी गर्ने
- मानव अधिकारपत्र सम्पादन गर्ने
- मानव अधिकार सम्बन्धी समाचार अनुगमन

**(ठ) सूचना प्रविधि एकाइका कार्यहरू**

- सूचना प्रविधि सम्बन्धी Server System र कम्प्युटर मर्मत
- आयोगका Facebook, Twitter, Website Update गर्ने
- आयोगका कर्मचारीहरूको विद्ययुतीय हाजिरी तथा रेकर्ड राख्ने
- आयोगका प्रकाशनमा डिजाइन तथा लेआउटमा सहयोग गर्ने
- सूचना प्रविधि सम्बन्धी नीति, योजना निर्माण कार्यान्वयन गर्ने
- CMRS प्रणाली सञ्चालन सम्बन्धी कार्य

**(ड) प्रतिवेदन लेखन एकाइका कार्यहरू**

- आयोगको वार्षिक प्रतिवेदन तयार
- मानव अधिकार सम्बन्धी विषयगत प्रतिवेदनमा आवश्यक कार्य
- आयोगबाट प्रकाशन हुने अन्य प्रकाशन

**(ढ) मानव अधिकार स्रोत केन्द्र**

- मानव अधिकार स्रोत केन्द्र सञ्चालन
- आयोगका महत्वपूर्ण फाइलहरूको अभिलेखन

**(ण) क्षेत्रीय समन्वय डेस्क**

- केन्द्र र क्षेत्र बीच समन्वय
- क्षेत्रीय कार्यालयको मासिक प्रतिवेदन संकलन र विश्लेषण
- क्षेत्र र केन्द्र बीच कार्य सम्पादनमा सहजता ल्याउन सहयोग पुर्‍याउने

**(त) वैठक समन्वय महाशाखा**

- मानव अधिकार आयोगका सिफारिश कार्यान्वयनका लागि पहल गर्ने
- आयोग (सचिवालय क्षेत्रीय कार्यालय, महाशाखा) आन्तरिक र बाह्य समन्वय गर्ने
- आयोगको वैठकका प्रस्ताव तयार तथा माइन्युट तयार गर्न सचिवालयलाई सघाउने

**(थ) मानव बेचविखन तथा ओसार विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय**

- मानव बेचविखन सम्बन्धी अनुगमन
- मानव बेचविखन सम्बन्धी वार्षिक प्रतिवेदन तयार
- मानव वेचविखन सम्बन्धी भएका समाचार तथा उजुरीबारे अनुसन्धान महाशाखासँग समन्वय
- मानव वेचविखन सम्बन्धी तथ्यांक अध्यावधिक
- कानून महाशाखासँग समन्वय गरी मानव बेचविखन सम्बन्धी कानून पुनरावलोकनको पहल

**(द) सुरक्षा एकाई**

- सुरक्षा सतर्कता सम्बन्धी काम
- सुरक्षा तालिम
- मानव अधिकार हनन र सुरक्षा स्थितिको Brifing
- CCTV को निरीक्षण रेखदेख
- सुरक्षा सम्बन्धी सल्लाह सुझाव
- सुरक्षा सम्बन्धी मासिक प्रतिवेदन तयार र वितरण
- सुरक्षाका अन्य कामहरू

**४. आयोगबाट प्रदान गरिने सेवा :**

- मानव अधिकारको उल्लंघनका सम्बन्धमा उजुरी लिने, अनुसन्धान गर्ने, दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि सिफारिश गर्ने,
- मानव अधिकार अवस्थाको अनुगमन गर्ने र अनुगमनबाट देखिएका तथ्यको आधारमा सुधार गर्नुपर्ने पक्षहरू बारे नेपाल सरकारलाई सिफारिश गर्ने,
- तालिम, गोष्ठी, अन्तरक्रियाका माध्यमबाट मानव अधिकार शिक्षा प्रबर्द्धन गर्ने,
- मानव अधिकार सम्बन्धी कानूनहरूको पुनरावलोकन गरी सुधारका लागि सरकारलाई सिफारिश गर्ने,
- नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयनको अवस्थाको अनुगमन गरी प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिश गर्ने,

- मानव अधिकार सम्बन्धी अन्य कार्यहरू गर्ने ।

## ५. आयोगका विभाग, महाशाखा, शाखा, एकाइ र प्रमुख जिम्मेवार अधिकारी

| सि. नं. | विभाग महाशाखा, शाखा, एकाइ | प्रमुख जिम्मेवार अधिकारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | कानुन, अनुसन्धान र अनुगमन विभाग | मुरारीप्रसाद खरेल | निर्देशक | |
| २ | प्रबर्द्धन, वकालत र सामूहिक अधिकार विभाग | डा. टीकाराम पोखरेल | निर्देशक | |
| ३ | प्रशासन, अर्थ, नीति तथा योजना विभाग | डा. टीकाराम पोखरेल | निर्देशक | |
| ४ | समन्वय विभाग | नवराज सापकोटा | निर्देशक | |
| ५ | अनुसन्धान महाशाखा | लोकनाथ बास्तोला | उप निर्देशक | |
| ६ | प्रबर्द्धन तथा वकालत महाशाखा | हरि ज्ञवाली | उपनिर्देशक | |
| ७ | नीति अनुसन्धान तथा योजना महाशाखा | सन्तोष आचार्य | उपनिर्देशक | |
| ८ | प्रशासन महाशाखा | घनश्याम भण्डारी | मानव अधिकार अधिकृत | |
| ९ | कानुन महाशाखा | श्यामबाबु काफ्ले | उपनिर्देशक | |
| १० | अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा | बुद्धनारायण सहनी | उपनिर्देशक | |
| ११ | लैंगिक तथा सामाजिक समावेशीकरण महाशाखा | मञ्जु खतिवडा | उपनिर्देशक | |
| १२ | सामूहिक अधिकार महाशाखा | स्वर्णीमा भण्डारी | उपनिर्देशक | |
| १३ | आर्थिक व्यवस्थापन महाशाखा | जितेन्द्र कार्की | लेखा अधिकृत | |
| १४ | वैठक समन्वय महाशाखा | मायादेवी शर्मा | उपनिर्देशक | |
| १५ | प्रतिवेदन एकाइ | कैलाशकुमार शिवाकोटी | मानव अधिकार अधिकृत | |
| १६ | क्षेत्रीय समन्वय एकाइ | | | |
| १७ | मानव बेचविखन विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय | यशोदा बञ्जाडे | मानव अधिकार अधिकृत | |

| | | | | |
|---|---|---|---|---|
| १८ | सूचना प्रविधि एकाइ | रविता त्वाती | सूचना प्रविधि अधिकृत | |
| १९ | सूचना तथा सञ्चार एकाइ | दुर्गा पोखरेल | मानव अधिकार अधिकृत | |
| २० | सुरक्षा एकाइ | बाबुकाजी के.सी. | सुरक्षा अधिकृत | |
| २१ | अन्तर्राष्ट्रिय सम्बन्ध डेस्क | | | |
| २२ | मानव अधिकार स्रोत केन्द्र | रेखा वास्तोला | मानव अधिकार अधिकृत | |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

- १० पेजसम्मको सूचना निशुल्क प्राप्त हुने र सोभन्दा माथि भएमा प्रति पेज रु. ५/- (पाँच) दस्तुर लाग्ने
- सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने
- तोकिएको अवस्थामा बाहेक आयोगका अन्य सेवामा सामान्यतयाः छुट्टै दस्तुर नलाग्ने
- आयोगका प्रकाशनहरु निःशुल्क वितरण हुने
- सूचना बाहेक अन्य प्रकृतिका सेवा प्राप्त गर्ने अवधि कामको प्रकृतिअनुसार फरक फरक हुने
- पीडित पक्षको स्वीकृति/सहमति विना पीडितसँग सम्बन्धित कागजात, सूचना उपलब्ध गराउन नसकिने ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

- आयोगमा परेका उजुरीका सम्बन्धमा अनुसन्धानपश्चात् आयोगबाट निर्णय हुने,
- नेपाल सरकारलाई गरिने सिफारिसहरुमा आयोगले निर्णय गर्ने,
- सामन्यतः नीतिगत विषयमा आयोगबाट र प्रशासनिक तथा आर्थिक विषयहरुमा सचिवबाट निर्णय हुने,
- अन्यमा कामको प्रकृति अनुसार निर्णय प्रक्रिया फरक फरक हुने,
- निर्णय गर्ने अधिकारी पनि कार्य प्रकृतिअनुसार फरक फरक हुने

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

- नीतिगत तहमा आयोगका अध्यक्ष श्री अनूप राज शर्मा
- प्रशासनिक तहमा आयोगका सचिव श्री वेदप्रसाद भट्टराई

**९. सम्पादन गरेको कामको विवरण : (२०७५ कार्तिक महिना देखि पुष मसान्त सम्म)**

**९.१. अनुसन्धानसम्बन्धी विवरण**

- प्रदेश कार्यालयबाट निर्णयका लागि पठाइएका फाइलहरु आयोगमा पेश गरी निर्णय गराइएको र निर्णय भईसकेका केही फाइलहरुमा फैसला लेखन कार्य गरिएको । निर्णय भईसकेका पुराना फाइलहरुमा पञ्जीका तयार गरी अभिलेखालयमा बुझाइएको ।

- प्रदेश तथा प्रदेश शाखा कार्यालयबाट निर्णयका लागि पठाइएको फाइलहरु जिम्मा लिई आयोगमा पेश गर्नको लागि अध्ययन गरी एकल निर्णयको गरिएको । साथै निर्णय हुन बाँकी फाइलहरुमा आवश्यकतानुसार टिप्पणी, टिपोट र पंजिका तयार गरिएको ।
- आयोगबाट फैसला भएका उजुरीहरुमा सिफारिस कार्यान्वयनको लागि सम्बन्धीत मन्त्रालयमा पत्राचार गरिएको । फाइलहरुमा आवश्यकता अनुसार सम्बन्धीत निकायमा पत्राचर गरिएको ।

- आयेगमा रहेको उजूरी उपर १ वटा अनुगमन र २ वटा अनुसन्धान गरिएको ।

- यस अवधिमा १ वटा दर्ता भएको साथै अन्य उजूरीहरू ग्रहण गरी आवश्यक कारवाहीको लागि प्रदेश कार्यालय सानेपामा तथा सम्बन्धित प्रदेश र शाखा कार्यलयमा पठाइएको र पीडितहरुलाई परामर्श दिइएको ।
- आयोगबाट तथा विभिन्न संघ संस्थाहरुले आयोजना गरिएको कार्यक्रममा आयोगको प्रतिनिधिको रुपमा ६ वटा सहभागी जनाइएको ।

**आयोगबाट मिति २०७५ माघदेखि चैत्र महिना सम्ममा भएका निर्णयको सिफारिस, तामेली, खारेज, टुंग्याई, जम्मा फछ्र्यौट, पुनः पेश गर्ने र जम्मा निर्णय विवरण :–**

संख्या : थानमा

| **महिना** | **सिफारिस** | | **तामेली** | **खारेज** | **टुंग्याई** | **जम्मा फछ्र्यौट** | **पुन पेश गर्ने** | **जम्मा निर्णय** |
|---|---|---|---|---|---|---|---|---|
| | **नीतिगत** | **उजुरीगत** | | | | | | |
| २०७५ माघ | ४ | १ | ३० | ३ | – | ३८ | ३ | ४१ |
| २०७५ फागुन | – | ९ | ७६ | ३ | – | ८८ | २ | ९० |
| २०७५ चैत्र | – | १० | ९० | ४ | – | १०४ | ३ | १०७ |
| जम्मा निर्णय | ४ | २० | १९६ | १० | – | २३० | ८ | २३८ |

## ९.२. प्रबर्द्धनात्मक कार्यहरु

- मोरङ जिल्लाका स्थानीय निकायका न्यायिक समितिका पदाधिकारीहरुहरुलाई विवाद समाधानमा स्थानीय तहको भूमिका र मानव अधिकारमुखी विकास पद्धत्ति विषयक अभिमुखीकरण प्रदान ।
- राष्ट्रिय मानव अधिकार आयोगका नव नियुक्त कर्मचारीहरुलाई मानव अधिकार सम्बन्धी सेवा प्रवेश तालीम प्रदान ।
- बारा जिल्लाका स्थानीय तहमा रहने न्यायिक समितिलाई विवाद समाधान र मानव अधिकार विषयक अभिमुखीकरण प्रदान ।
- सिराहा जिल्लाका पत्रकारहरुसँग मानव अधिकार र पत्रकारिता विषयक अन्तरकृया तथा छलफल सम्पन्न ।
- रौतहट जिल्लाका स्थानीय निकायका जनप्रतिनिधिहरुलाई मानव अधिकारमुखी विकास पद्धत्ति र स्थानीय तहमा विवाद समाधानका विषयमा अभिमुखीकरण प्रदान ।
- पर्वत जिल्लाका स्थानीय निकायमा रहने न्यायीक समितिहरुलाई विवाद समाधानमा न्यायीक समिति र मानव अधिकार विषयक अभिमुखीकरण प्रदान ।
- नवलपुर जिल्लाका स्थानीय न्यायीक समितिका जनप्रतिनिधिहरुलाई मानव अधिकार र न्याय विषयक अभिमुखीकरण प्रदान ।
- त्रिचन्द्र बहुमुखी क्याम्पसका विद्यार्थीहरुलाई राष्ट्रिय मानव अधिकार आयोगको काम कर्तव्य अधिकार र मानव अधिकार अधिकारको संरक्षण र प्रवर्द्धनमा आयोगको भूमिकाका विषयमा अभिमुखीकरण प्रदान ।

### ९.३. लैंगिक तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरु

- छाउपडी सम्बन्धी राष्ट्रिय जाँचबुझ कार्यक्रमको प्रतिवेदन तयार गरी प्रकाशन तथा सार्वजनिक गरेको ।
- महिला हिंसा र महिला अधिकारसँग सम्बन्धित घटनाको उजुरीहरुको तथ्याङ्क उपलब्ध गराउन नेपाल प्रहरीको ७ वटै प्रदेश कार्यालयहरुलाई पत्राचार गरेकोमा उक्त पत्रको जवाफ सम्बन्धमा फलोअप गरी घटनाहरुको विवरण माग्ने तथा महिला हिंसा सम्बन्धी घटनाहरुको अध्ययन गरेको साथै महिला हिंसा सम्बन्धित पीडितलाई परामर्श दिने कार्य गरेको ।
- अनुसन्धान महाशाखाको मञ्जु खतिवडाको जिम्मेवारीमा रहेको २० वटा फाइल फैसला लेखनका साथै सम्पूर्ण प्रक्रिया पुरा गरी अभिलेखालयलाई बुझाउने कार्य गरेको ।
- राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुबीच अनुभव आदान प्रदान बिषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको । साथै उक्त कार्यक्रमको प्रतिबेदन तयार गरी आयोगमा पेश गरेको

- नेपाल प्रहरीको ७ वटै प्रदेश कार्यालयहरुको  महिला हिंसासँग सम्बन्धित उजुरीहरुको प्राप्त तथ्याङ्कहरुलाई समावेश गरी प्रतिवेदन तयारी गर्ने कार्य गरेको ।
- महिला हिंसा न्यूनिकरणका लागि नेपाल प्रहरीको साझेदारीमा प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना गर्नका लागि टिप्पणी तथा बजेट तयार गर्ने र आयोगका सबै सम्बन्धित प्रदेश तथा शाखा प्रदेश कार्यालयहरुमा समन्वयका लागि सर्म्पक गरेको ।
- मिति २०७५ चैत १० गते छाउपडी सम्बन्धी राष्ट्रिय जाँचबुझ कार्यक्रमको आयोगबाट निर्णय भए बमोजिम सिफारिस पत्र तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पठाएको ।
- मिति २०७५ चैत १८ गते देखि आयोगको माननीय सदस्य मोहना अन्सारीको नेतृत्वमा केन्द्रीय कार्यालयबाट उप निर्देशक मञ्जु खतिवडा, मानव अधिकार अधिकृत दिपा आचार्यको टोली महिला हिंसा न्यूनिकरण र नेपाल प्रहरीको जवाफदेहिता सम्बन्धी प्रदेश स्तरीय कार्यक्रम मिति २०७५ चैत १८ गते मुख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश नं. २ सँग समन्वय र सहकार्य गरी जनकपुरमा सम्पन्न गरी कार्यक्रमको प्रतिवेदन तयार गरी आयोगमा पेश गरेको ।
- २०७५ चैत १७ गते बेलुकीको हावा हुरीले बारा र पर्सा जिल्लामा भएको धनजनको क्षति अनुगमनका लागि मा. मोहना अन्सारीको नेतृत्वमा आयोगबाट उप निर्देशक मञ्जु खतिवडा, मानव अधिकार अधिकृत दिपा आचार्य आयोगको प्रदेश नं २ कार्यालय प्रमुख सहितको टोली बारा र पर्सा जिल्लामा अनुगमन गरी आयोगमा प्रतिवेदन पेश गरेको  ।
- हिंसा पीडित महिलाहरुलाई नियमित परामर्श सेवा प्रदान गरिएको ।

### ९.४. सामूहिक अधिकार सम्बन्धी कार्यहरु

### ९.४.१ उपभोक्ता, खाद्य र आदिवासी जनजाती अधिकार अन्तर्गत २०७५ माघ देखि चैत्र मसान्त सम्म भएका कार्यहरु

- साउन देखि पुस सम्मको मानव अधिकार अवस्था प्रतिवेदन तयारी तथा लेखन कार्य सम्पन्न
- महासन्धि नं १६९ कार्यान्वयनको अवस्था प्रतिवेदन सार्वजानिकीकरण
- खाद्य अधिकारको अवस्था र सहकार्यका सम्भावना सम्बन्धमा विश्व खाद्य कार्याक्रम र फियान नेपाल संग आयोगको कार्यालयमा छलफल

- उपभोक्ता अधिकारको अवस्था सम्वन्धी प्रदेश नं. २ मा आयोजना गरिने प्रदेशस्तरीय कार्यशालका लागि तयारी -आयोगको तर्फबाट अवधारण पत्र, प्रस्तुतिकरणको तयारी, कार्यशालाका लागि उपभोक्ता हित संरक्षण मञ्च संग छलफल, आयोगको जनकपुर कार्यालय संग समन्वय)

## ९.५. कानुनसम्बन्धी कार्यहरू

- आयोगसँग सम्बन्धित कानूनहरु प्रकाशन गरेको ।
- राष्ट्रिय मानव अधिकार आयोगको कर्मचारी नियमावली परिमार्जन सम्बन्धी कार्य गरेको ।
- आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपले पछाडी परेका समुदायहरुको शिक्षाको अधिकार सम्बन्धी कानूनको पुनरावलोकन सम्बन्धी कार्यक्रम सम्पन्न गरेको ।
- राष्ट्रिय मानव अधिकार आयोगले गरेको महत्वपूर्ण निर्णयहरु प्रकाशन गरेको ।
- रा.मा.अ.आ. विरुद्ध सर्वोच्च अदालतमा दायर ५ वटा मुद्दाको पेशी तारिख लिएको ।
- स्थानीय न्यायिक समितिका पदाधिकारीहरुलाई मानव अधिकार सम्बन्धी तालिम दिन पर्वत जिल्लामा गएको ।
- राष्ट्रिय सभा अन्तर्गत विधायन व्यवस्थापन समितिले आयोजना गरेको कार्यक्रममा सहभागि भएको ।
- मानव अधिकार सम्बन्धी कूनहरु र अदालती अभ्यास कार्यक्रम सम्पन्न गरेको ।
- विश्वव्यापी आवधिक समिक्षा सम्बन्धी कार्यक्रममा सहभागि भएको ।

## ९.६. प्रशासनिक कार्यहरु

- पदाधिकारीज्यूहरुको वैदेशिक भ्रमण सम्बन्धी विभिन्न कामहरु गरेको ।
- कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धि आवश्यक कार्यहरु गरेको ।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई टिकटको व्यवस्थापन ।
- नव नियुक्त कर्मचारीहरुको सिटरोल र सम्पत्ति विवरणको संकलन गरी रेकर्ड राख्ने कार्य गरेको
- आवश्यक अनुसार कर्मचारीहरुको परिचयपत्र बनाउने काम भएको ।
- आयोगको सभाहलमा हुने र बाहिर हुने कार्यकमको व्यवस्थापन गर्ने गरेको ।
- विभिन्न तालिम कार्यकमको लागि मनोनयन गरी पत्राचार गर्ने गरेको ।
- कर्मचारीहरुको हाजिरी तथा विदाको रेकर्डहरु राख्ने कार्य गरेको ।
- विभिन्न मर्मत सम्बन्धी कामहरु गरेको ।
- विभिन्न छपाई सम्बन्धी कार्य गरेको ।
- खरिद सम्बन्धी काम कार्य गरेको ।
- आयोगको केन्द्रीय कार्यालयमा सरुवा भई आएका र नव नियुक्त कर्मचारीहरुको लागि स्थान व्यवस्थापन सम्बन्धि कार्य । एक्सटेन्सन टेलिफोन नम्बर जोड्ने कार्य गरेको ।

- स्थान परिवर्तन भएका र नव नियुक्त कर्मचारीहरुको लागि एक्सटेन्सन टेलिफोन नम्बर जोड्ने कार्य गरेको ।

## ९.७. सूचना प्रविधि सम्बन्धी कार्यहरु

- डेक्सटप कम्प्यूटर र ल्यापटप सम्बन्धि Technical Specification Comparision कार्य गरिएको र खरिद गरीएका कम्पुटरको specification check गरेको ।
- आयोगको केन्द्रीय कार्यालयमा नयाँ तथा सरुवा भइ आएका कर्मचारीहरुको इलेक्ट्रोनिक हाजिर बनाएको तथा कम्पूर्टर तथा Email addresss ब्यवस्थापन गरेको ।
- आयोगमा प्रयोग भई रहेका Email system, Website, Antivirus हरुको आ.व २०७५–७६ को लागि नविकरणको गरिएको ।
- सूचना प्रविधि तथा वेवसाइट इकाइबाट गरिने नियमित कार्यहरुमा आयोयमा भएका कम्पुर्टर, नेटवर्क, सरभर तथा अन्य विद्युतीय उपकरणहरुको परीक्षण, व्याकअप, समस्याहरुको समाधान ।
- आयोगको कार्यक्रमहरुमा फोटो तथा भिडीयो खिच्ने, आयोगको प्रकाशन, प्रेस विज्ञप्ति/नोट, सूचना, अपिल, रेडियो कार्यकम तथा महत्वपूर्ण कार्यक्रमका फोटाहरू नियमीत रूपमा आयोगका वेवसाइट, फेसबुक तथा टुईटरमा अपडेट गर्ने गरेको ।
- विदाको फाराम तथा विदा बाकि रेकर्ड हेरी सिफारीस भएका विदाको रेकर्ड राख्ने गरेको ।

## ९.८.बैठक समन्वय महाशाखा

**माननीय अध्यक्षज्यूको महत्वपूर्ण भेटघाट तथा विभिन्न कार्यक्रमको अध्यक्षता तथा उपस्थितिहरु देहाय बमोजिम रहेको छ।**

- माननीय मन्त्री, कानून व्यवसायीहरु तथा संक्रमणकालीन न्यायका अधिकारीहरुसंग मिति २०७५/१०/१८ गते आयोग परिसरमा संक्रमणकालीन न्यायका सम्वन्धमा छलफल कार्यक्रम सम्पन्न भएको ।
- नेपाल सरकारको अर्थमन्त्री राजन खनाल सहितको टोलीसँग मिति २०७५/१०/२७ गते माननीय अध्यक्षज्यू र नि. सचिवज्यूको आयोग परिसरमा मानव अधिकारका विषयमा वैठक सम्पन्न भएको ।
- मदन पुरस्कार विजेता लेखक राधा पौडेलद्धारा लिखित “***अपवित्र रगत***” किताव विमोचन कार्यक्रम आयोगका माननीय अध्यक्षज्यूको प्रमूख आतिथ्यमा मिति २०७५/१०/२९ गते होटल हिमालयमा सम्पन्न भएको थियो । प्रस्तुत कितावको विषय नेपालको कर्णाली प्रदेशका भूभागहरु

तथा सुदूरपश्चिमका जिल्लाहरुमा महिनावारी भएको समयमा विशेषगरी महिलाहरुले भोग्नुपरेका समस्याका बारेमा व्याख्या गरिएको थियो ।

- द्वन्द्वपीडित समूहले स्टाफ कलेज जावलाखेलमा मिति २०७५/११/०७ गते आयोजना गरेको कार्यक्रममा माननीय अध्यक्षज्यू प्रमूख अतिथिको रुपमा उपस्थिति भई मन्तब्य समेत प्रदान गर्नुभएको थियो । कार्यक्रममा १४ वटा प्रत्यक्ष द्वन्द्वपीडितहरुको सत्य घटनालाई समेटिएको ***"१४ वटा कथाहरु"*** नामक किताबको विमोचन समेत गर्नुभएको थियो ।
